- कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यको लागि आवश्यक पूँजी संकलन गर्ने।
- संकलन भएको पूँजीलाई प्रचलित कानून बमोजिम प्रयोग गरि कम्पनीको वित्तीय स्थायित्व सुनिश्चित गर्ने।
- आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिई, निष्काशनबाट आएको रकम आयोजनाको उर्जा वृद्धि गर्ने तथा बैंकबाट लिईएको कर्जा भुक्तानीको लागि र कम्पनीबाट आयोजना निर्माणको लागि रकम संकलन गर्नु मुख्य उद्देश्य रहेको छ।

९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :
१. **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने हो तत्सम्बन्धी विवरण :** कम्पनीले साधारण शेयर जारी गरे पश्चात् सार्वजनिक निष्काशनबाट प्राप्त हुने २५,८०,००० कित्ता शेयरको प्रति शेयर रु.१०० का दरले हुन आउने कूल रकम रु.२५,८०,००,०००/- (अक्षरेपी पचीस करोड असी लाख रुपैयाँ मात्र) आयोजना निर्माण गर्दा उपभोग गरेको निम्न बमोजिमको बैंक कर्जा भुक्तानी गरिनेछ :

बैंकको नाम	रकम (रु.)
प्राइम कमर्शियल बैंक लिमिटेड	२५,८०,००,०००/-

२. **सार्वजनिक निष्काशन (Initial Public Offering) गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :** विगतको समयमा अन्य कम्पनीले शेयर निष्काशन गर्दा माग भन्दा बढी दरखास्त परी शेयर बाँडफाँड भएको र यस कम्पनीको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बाँकी रहेको धितोपत्रहरु सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ। साथै, सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा निष्काशन गरिने धितोपत्रको प्रत्याभूति गर्नका लागि श्री सनलाइफ क्यापिटल लिमिटेडले निष्काशन रकम बराबरको शेयर आफैले खरिद गर्ने गरि प्रत्याभूति सम्झौता गरिएको छ।
३. **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस आयोजनाको लागि आवश्यक पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भई मिति २०८१/०४/१६ गते देखि विद्युत उत्पादन शुरु भैसकेको।
४. **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको र मिति २०८१/०४/१६ गतेदेखि व्यवसायिक विद्युत उत्पादन शुरु भैसकेको।
५. **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य-मुख्य बुँदाहरु :** आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएकोले हाल खरिद गर्नुपर्ने नरहेको।
६. **कुनै पार्टीसँग प्रतिलिपि अधिकार, ट्रेडमार्क, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।
७. **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धी, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

आयोजनाको प्रकृति	:	जलविद्युत आयोजना
प्रयोगकर्ता	:	आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गरिनेछ।
प्रतिस्पर्धा	:	हाल प्रतिस्पर्धी नरहेको
लक्षित समूह	:	नेपाल विद्युत प्राधिकरणका ग्राहकहरु
उत्पादन क्षमता	:	१२ मेगावाट

८. **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** दुधकुण्ड खोलाको पानी।
९. **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** आफैले उत्पादन गरेको विद्युत र दुधकुण्ड खोलाको पानी।
१०. **सार्वजनिक निष्काशनको लागि गरिने खर्च सम्बन्धी विवरण र सेवा प्रदायकहरुलाई देहाय बमोजिम उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने :**
क) **निष्काशन तथा बिक्री प्रबन्धक :** यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा कार्य गर्ने एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंलाई सेवा शुल्क वापत रु. १,००,०००/- (कर सहित) भुक्तानी दिइनेछ।
ख) **ट्रष्टी (डिबेन्चर निष्काशनको हकमा) :** निष्काशन गरिने धितोपत्र डिबेन्चर नभई साधारण शेयर रहेको।
ग) **प्रत्याभूतिकर्ता :** यस कम्पनीको शेयर प्रत्याभूतिकर्ता श्री सनलाइफ क्यापिटल लिमिटेड का.म.न.पा. २९, पुतलिसडक, काठमाडौंलाई प्रत्याभूति प्रदान गरेवापत रु.९,०३,०००/- (कर सहित) प्रत्याभूति शुल्कको रुपमा दिइनेछ।
घ) **विज्ञहरु :** यस कम्पनीले तयार गरेको प्रक्षेपित वित्तीय विवरणहरुको आधार प्रमाणित गर्ने विज्ञ श्री एस भण्डारी एण्ड एशोसियट्स लाई सेवा शुल्क वापत रु. ४५,२००/- (कर सहित) भुक्तानी गरिएको छ।
ङ) **लेखापरीक्षक :** कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षणको कार्य गर्नका लागि श्री एस भण्डारी एण्ड कम्पनी एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स लाई सेवा शुल्क वापत रु. १,१३,०००/- (कर सहित) भुक्तानी गरिएको छ।
च) **रेटिङ्ग शुल्क :** क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडलाई सेवा शुल्क रु. १,१३,०००/- (कर सहित) भुक्तानी गरिएको छ।
छ) **अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) :** सूचना प्रकाशन, आवेदन फारम प्रशोधन लगायतका अन्य खर्चहरु बिल बमोजिम।

आयोजना प्रभावित क्षेत्रका लागि :
निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्रहरुलाई आवेदन फाराम सहित रकम संकलन गरे वापत संकलित रकममा कुनै पनि सेवा शुल्क दिने व्यवस्था गरिएको छैन।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि
नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा सदस्य भई सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशन बैंकको रुपमा रहनेछन्। सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क भुक्तानी गर्नु नपर्ने र नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशनकर्ता कम्पनीले भुक्तानी गर्नेछ। सि-आस्वा प्रणाली कार्यान्वयन भएको सन्दर्भमा नेपाल धितोपत्र बोर्डको निर्देशन अनुसार निष्काशन बैंक खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराइनेछ।

१०. पूँजी संरचना सम्बन्धी जानकारी:
क) **अधिकृत, जारी र चुक्ता पूँजी र संस्थाको धितोपत्र निष्काशन पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**
१. **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु.९०,००,००,०००/- (अक्षरेपी नब्बे करोड रुपैयाँ मात्र) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ९०,००,००० (नब्बे लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
२. **जारी पूँजी :** यस कम्पनीको जारी पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छयासी करोड रुपैयाँ मात्र) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ८६,००,००० (छयासी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
३. **चुक्ता पूँजी :** हाल यस कम्पनीको चुक्ता पूँजी रु.६०,२०,००,०००/- (अक्षरेपी साठी करोड बीस लाख रुपैयाँ मात्र) रहेको छ। आयोजना प्रभावित क्षेत्रका स्थानीय तथा अन्य सर्वसाधारणलाई रु.२५,८०,००,०००/- रकम बराबर शेयर जारी गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छयासी करोड रुपैयाँ मात्र) हुनेछ।

ख) **कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा परिवर्तन भएको विवरण :**

विवरण	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)
आ.व.२०७८/०७९	७०,००,००,०००/-	७०,००,००,०००/-	५,८७,३५,०००/-
आ.व.२०७९/०८०	९०,००,००,०००/-	८६,००,००,०००/-	६०,२०,००,०००/-
आ.व.२०८१/०८२	९०,००,००,०००/-	८६,००,००,०००/-	६०,२०,००,०००/-

११. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :
प्राथमिक शेयरको सार्वजनिक निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क)	संस्थापक शेयरधनीहरु	६,०२०,०००	७०%	६०,२०,००,०००	शतप्रतिशत
ख)	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी, स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपाली सहित)	२,५८०,०००	३०%	२५,८०,००,०००	निष्काशन पश्चात् शतप्रतिशत
	जम्मा	८६,००,०००	१००%	८६,००,००,०००	

शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको।

१२. संस्थापक/संचालक सम्बन्धी जानकारी :
(१) आधारभुत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

आधारभुत शेयरधनीको विवरण:

क्र.सं.	नाम र ठेगाना	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	शेयर स्वामित्व	प्रतिशतमा (%)	अनुभव	प्रस्तावित व्यापार/ व्यवसाय
१	श्री अर्जुन प्रसाद पौडेल, फेदिखोला गा.पा. ०४, स्याङ्जा	५१	नेपाली	निर्माण व्यवस्थापनमा स्नातकोत्तर	२,६२८,६४५	४३.६७	करिब २५ वर्ष जलविद्युत आयोजनाको अध्ययन, निर्माण तथा संचालनको अनुभव	व्यापार
२	श्री विद्यालक्ष्मी लामिछाने, पोखरा- २६, कास्की	४८	नेपाली	मानवशास्त्रमा स्नातकोत्तर	१,६३७,३५०	२७.२०	करिब १० वर्ष जलविद्युत आयोजनाको निर्माण तथा संचालन अनुभव	व्यापार
३	श्री शुसिलमणि लामिछाने, पोखरा लेखनाथ- २६, कास्की	४७	नेपाली	व्यवस्थापनमा स्नातकोत्तर	२७०,०००	४.४९	करिब १० वर्ष बैंकिङ्ग क्षेत्रमा अनुभव	व्यापार
४	श्री अबिस पौडेल, ल.पु.म.न.पा.-१५, ललितपुर	२१	नेपाली	स्नातक (B.E. Civil)	२६५,०००	४.४०	करिब २ वर्ष जलविद्युत आयोजनाको निर्माण तथा संचालनको अनुभव	व्यापार
५	श्री ओजस्वी पौडेल, ललितपुर म.न.पा.१५, ललितपुर	१४	नेपाली	अध्ययनरत	२६५,०००	४.४०	अध्ययनरत	विद्यार्थी
६	श्री प्रमिशा पौडेल, फेदिखोला गा.पा.-४, स्याङ्जा	२४	नेपाली	स्नातक तह अध्ययनरत	२६५,०००	४.४०	अध्ययनरत	विद्यार्थी
७	श्री महेन्द्र राज वाग्ले, मध्यनेपाल न.पा.-४, लमजुङ्ग	५६	नेपाली	स्नातक (B.A.)	८०,०००	१.३३	करिब ५ वर्ष जलविद्युत आयोजनाको निर्माण तथा संचालनको अनुभव	व्यापार
८	श्री दुर्गा अधिकारी, थासिङ-०९, नुवाकोट	६२	नेपाली	साक्षरता	७०,०००	१.१६	कृषि पेशामा कार्य अनुभव	-

संचालकहरुको विवरण (नाम, ठेगाना र ग्रहण गरेको शेयर स्वामित्व) :

क्र.सं.	संचालकको नाम तथा ठेगाना	पद	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/ व्यवसाय
१	श्री अर्जुन प्रसाद पौडेल, फेदिखोला गा.पा.-४, स्याङ्जा	अध्यक्ष	नेपाली	२६,२८,६४५	निर्माण व्यवस्थापनमा स्नातकोत्तर	करिब २५ वर्ष जलविद्युत आयोजनाको अध्ययन, निर्माण तथा संचालन	व्यापार
२	श्री विद्यालक्ष्मी लामिछाने, पोखरा म.न.पा.- २६, कास्की	संचालक	नेपाली	१६,३७,३५०	मानवशास्त्रमा स्नातकोत्तर	करिब १० वर्ष जलविद्युत आयोजनाको निर्माण तथा संचालन	व्यापार
३	श्री अबिस पौडेल, ल.पु.म.न.पा.-१५, ललितपुर	संचालक	नेपाली	२,६५,०००	स्नातक (B.E. Civil)	करिब २ वर्ष जलविद्युत आयोजनाको निर्माण तथा संचालनको अनुभव	व्यापार
४	श्री महेन्द्र राज वाग्ले, मध्यनेपाल नगरपालिका-४, लमजुङ्ग	संचालक	नेपाली	८०,०००	स्नातक (B.A.)	सामाजिक सेवा, वैदेशिक रोजगारी तथा रियल स्टेट व्यवसाय	व्यापार

१३. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :
यस कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार कमतीमा एक जना महिला संचालक सहित ७ (सात) जना सञ्चालक रहेको सञ्चालक समिति रहने व्यवस्था भएकोले देहाय बमोजिम हुने गरी संचालक समिति रहेको छ :

संस्थापक शेयरधनी	४ (चार जना)
सर्वसाधारण समूहका शेयरधनीबाट निर्वाचित	२ (दुई जना)
स्वतन्त्र संचालक	१ (एक जना)
जम्मा	७ जना

संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।
नोट : हाल ४ जनाको संचालक समिति रहेको र कम्पनीले साधारण शेयरको सार्वजनिक निष्काशन गरे पश्चात् सर्वसाधारण शेयरधनी समूहबाट २ जना र स्वतन्त्र संचालकबाट १ जना संचालक नियुक्त गर्ने योजना रहेकोले हाललाई सर्वसाधारण र स्वतन्त्र संचालक नियुक्त गरिएको छैन।

१४. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:
संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण। साथै, त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने।

क्र.सं.	कर्मचारीको नाम	पद	शैक्षिक योग्यता	नियुक्ती मिति	अनुभव	शेयर संख्या
१	श्री कोमल भगत	आयोजना प्रबन्धक	डिप्लोमा इलेक्ट्रिकल	२०८१/०४/०१	जलविद्युत आयोजनाको संचालन, सुपरीवेक्षण तथा व्यवस्थापन सम्बन्धी ७ वर्षको कार्यानुभव	-
२	श्री राजेन्द्र घिमिरे	सहायक आयोजना प्रबन्धक	डिप्लोमा इलेक्ट्रिकल	२०७९/१०/१५	जलविद्युत आयोजना संचालन र व्यवस्थापन सम्बन्धी ६ वर्षको कार्यानुभव	-
३	श्री कृष्णजी भण्डारी	कम्पनी सचिव तथा लेखा अधिकृत	एम.वि.एस.	२०७८/०८/०१	लेखा तथा प्रशासन सम्बन्धी ५ वर्षको कार्यानुभव	१००० कित्ता
४	श्री शिशिर खनाल	कानून अधिकृत	एम.वि.एस., एल.एल.बि	२०८०/०६/१०	जलविद्युत क्षेत्रमा ३ वर्ष भन्दा बढिको कार्यानुभव	-

उल्लेखित उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी नभएको तथा माथि उल्लेख गरिएको बाहेक अन्य कुनै संगठित संस्थामा लगानी नगरेको।

१५. सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भै नसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तिय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत (रु. हजारमा)	प्रक्षेपित (रु. हजारमा)		
	* आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	२०८२ पौष मसान्त	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
सम्पत्ति							
गैर चालु सम्पत्ति							
सम्पति तथा उपकरण	४,७२०	३,८१२	५,१३५	४,४५३	४,२२४	३,४८०	२,८७०
अमूर्त सम्पत्तिहरु	-	-	२,३०४,०५६	२,२६५,४१०	२,२२५,६८४	२,१४६,३९२	२,०६६,९४०
Right Of Use (ROU) Assets	-	-	६२०	४६५	३१०	-	६८२
Intangibles under Development	१,१५७,७७१	२,३५४,६०५	-	-	-	-	-
जम्मा गैर चालु सम्पत्ति	१,१६२,४९१	२,३५८,४१७	२,३१०,८११	२,२७०,३२८	२,२३०,२१८	२,१४९,७९२	२,०७०,४९२
चालु सम्पत्ति							
वित्तीय दायित्व							
नगद तथा नगद बराबर	५६१	१३,९५२	१,८६६	३०,६४९	४३,९३२	२०९,६६८	३८६,२३७
व्यापार तथा अन्य प्राप्ती	-	-	४६,६५०	५५,५८२	८७,३८२	९०,७४३	९४,१०३
ऋण, अग्रिम तथा निक्षेप	२४९,०४२	४,११०	६२०	८८६	२,१६०	२,०९८	२,०४२
अन्य चालु सम्पत्ति	-	-	१,०९१	१,०९१	-	-	-
जम्मा चालु सम्पत्ति	२४९,६०३	१८,०६२	५०,२२७	९२,१०८	१३३,४७३	३०२,५०९	४८२,३८२
जम्मा सम्पत्ति	१,४१२,०९३	२,३७६,४७९	२,३६१,०३८	२,३६२,४३६	२,३६३,६९२	२,४५२,३०१	२,५५२,८७३
इक्वीटी							
शेयर पूँजी	६०२,०००	६०२,०००	६०२,०००	६०२,०००	८६०,०००	८६०,०००	८६०,०००
अन्य इक्वीटी	(२८,५३६)	११,५१९	४१,२००	८४,१२०	१६२,४५५	३३२,१२२	५२२,६८१
जम्मा इक्वीटी	५७३,४६४	६१३,५१९	६४३,२००	६८६,१२०	१,०२२,४५५	१,१९२,१२२	१,३८२,६८१
गैर चालु दायित्व							
दिर्घकालिन सापटीहरु	७१४,४०३	१,६३८,६७६	१,६८९,६५४	१,६३७,४७८	१,२५३,१३६	१,१६२,८०३	१,०६४,६४०
अन्य गैर चालु दायित्वहरु	-	-	३३४	-	-	७०७	३६७
जम्मा गैर चालु दायित्व	७१४,४०३	१,६३८,६७६	१,६८९,९८७	१,६३७,४७८	१,२५३,१३६	१,१६३,५१०	१,०६५,००७
चालु दायित्व							
वित्तीय दायित्व							
अल्पकालिन सापटीहरु	९५,९५१	११२,३७८	२४,८७६	२,९८१	८३,१२७	९०,३३३	९८,१६३
व्यापार तथा अन्य भुक्तानी	२५,६२२	१०,८४१	१,७५०	३,६५९	-	-	-
अन्य चालु दायित्व	२,६५४	१,०६५	२८५	४००	१,१२३	१,१२४	१,१६९
प्रावधानहरु	-	-	९३९	१,७९९	३,८५०	५,२११	५,८५३
जम्मा चालु दायित्व	१२४,२२६	१२४,२८४	२७,८५०	८,८३९	८८,१००	९६,६६८	१०५,१८६
जम्मा इक्वीटी तथा दायित्वहरु	१,४१२,०९३	२,३७६,४७९	२,३६१,०३८	२,३६२,४३६	२,३६३,६९२	२,४५२,३०१	२,५५२,८७३

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत (रु. हजारमा)	प्रक्षेपित (रु. हजारमा)		
	* आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	२०८२ पौष मसान्त	आ.व. २०८२/८३	आ.व. २०८३/८४	आ.व. २०८४/८५
आम्दानी							
विद्युत बिक्रीबाट आम्दानी	-	-	२९१,७८१	२१७,७३०	४०२,३५२	४१७,८२८	४३३,३०३
बिक्री लागत/ प्रत्यक्ष खर्चहरु	-	-	(२२,५५३)	(३५,६३४)	(४४,५३४)	(४६,७२७)	(४७,९५१)
कुल नाफा/(नोक्सान)	-	-	२६९,२२८	१८२,०९६	३५६,८१८	३७१,१००	३८५,३५२
Net Construction Revenue as per IFRIC 12 (NFRS 15)	४,४३१	५,७५९	३२७	-	-	-	-
अन्य आम्दानी	९१	-	-	-	-	-	-
प्रशासनिक खर्च	(३,८४७)	(४,०३७)	(३,७३१)	(१,५०४)	(४,११३)	(४,२१६)	(४,३२५)
ह्रासकट्टी तथा परिशोधन	(१,०९१)	(९०८)	(७७,२३१)	(४०,४८३)	(८०,५९३)	(८०,४२७)	(८०,३२३)
सञ्चालनबाट खुद आम्दानी	(४१६)	८१४	१८८,५९४	१४०,११०	२७२,११२	२८६,४५७	३००,७०४
अन्य आम्दानी	-	-	-	-	-	-	-
वित्तीय लागत	(२०)	(४)	(१५७,०७१)	(६५,६००)	(१४२,९०८)	(१११,५७१)	(१०४,२९२)
कर तथा बोनस अधिको खुद नाफा	(४३६)	८१०	३१,५२४	७४,५१०	१२९,२०५	१७४,८८६	१९६,४१२
कर्मचारी बोनस प्रावधान	-	-	(६३०)	(१,४९०)	(२,५८४)	(३,४९८)	(३,९२८)
Less : Provision For CSR Expenses	-	-	-	-	(१,२६६)	(१,७१४)	(१,९२५)
कर अधिको खुद नाफा	(४३६)	८१०	३०,८९३	७३,०१९	१२५,३५४	१६९,६६६	१९०,५५९
कर खर्चहरु	-	-	-	-	-	-	-
चालु कर	-	-	-	-	-	-	-
स्थगन कर	-	-	-	-	-	-	-
कर पछिको खुद नाफा	(४३६)	८१०	३०,८९३	७३,०१९	१२५,३५४	१६९,६६६	१९०,५५९

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टी हुने विवरणहरु :
विक्री : बिक्री प्रक्षेपण जलविद्युत आयोजनाबाट अनुमानित ऊर्जा उत्पादनको आधारमा गरिएको छ र NEA सँग भएको PPA दर अनुसार कुल ऊर्जामा ५% हानी (Loss) प्रावधान राखेर दर लागू गरिएको छ।
विक्री लागत
१. स्थिर रोयल्टी प्रति KW रु. १०० DOED अनुसार राखिएको छ।
२. राजस्व रोयल्टी कुल बिक्रीको २% DOED अनुसार राखिएको छ।
३. आ.व. २०८२/८३ देखि परियोजना बीमा खर्च परियोजनाको अमूर्त सम्पत्तिको बन्द मूल्यको ०.१४% वार्षिक दरले राखिएको छ। मर्मत तथा मर्मतसम्भार खर्च IFRIC १२ अन्तर्गत अमूर्त सम्पत्तिको १% मानिएको छ। मर्मतसम्भार खर्चमा वार्षिक ३% वृद्धि मानिएको छ।
४. निम्न प्रत्यक्ष खर्चहरुमा (माथि उल्लेखित बाहेक) वार्षिक ३% वृद्धि मानिएको छ।

क्र.सं.	विवरण	आधारहरु	क्र.सं.	विवरण	आधारहरु
१	साइट कार्यालय सामाग्री खर्च	३% वृद्धि	८	साइट कर्मचारी तलब तथा भत्ता खर्च	३% वृद्धि
२	विद्युत तथा इलेक्ट्रोनिक उपकरण खर्च	३% वृद्धि	९	यातायात खर्च	३% वृद्धि
३	इन्धन तथा लुब्रिकेन्ट खर्च	३% वृद्धि	१०	ज्याला खर्च	३% वृद्धि
४	मुद्रण तथा स्टेशनरी खर्च	३% वृद्धि	११	एक्स्काभेटर भाडा खर्च	३% वृद्धि
५	इन्टरनेट तथा सञ्चार खर्च	३% वृद्धि	१२	बे चार्ज - सबस्टेशन	३% वृद्धि
६	बसोबास तथा खाना खर्च	३% वृद्धि	१३	बिजुली शुल्क - NEA	३% वृद्धि
७	मेस खर्च	३% वृद्धि			

५. बिक्री लागत अन्तर्गत अन्य खर्चहरू व्यवस्थापनको अनुमान अनुसार उपयुक्त वृद्धि गरेर राखिएको छ।
अप्रत्यक्ष खर्च
१. कर्मचारी बोनसको प्रावधान कर्मचारी बोनस अघि खुद नाफाको २% दरले नेपाल विद्युत ऐन, २०४९ अनुसार राखिएको छ।
२. CSR को प्रावधान बोनस पछिको र कर अघिको शुद्ध नाफाको १% औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार राखिएको छ।
३. IPO जारी खर्च व्यवस्थापनको अनुमान अनुसार राखिएको छ।
४. NEPSE र CDS को वार्षिक शुल्क प्रति वर्ष रु. १.५ लाख सम्झौता अनुसार कायम गरिएको छ।
५. अन्य सबै खर्चहरू अघिल्लो वर्षको तथ्यांकको आधारमा तथा व्यवस्थापनको अनुमान अनुसार उपयुक्त वृद्धि गरेर मान्यता दिइएको छ।
६. निम्न प्रशासनिक खर्चहरूमा वार्षिक ३% वृद्धि मानिएको छ।

क्र.सं.	विवरण	आधारहरु	क्र.सं.	विवरण	आधारहरु
१	क्रेडिट रेटिङ निगरानी शुल्क	३% वृद्धि	१३	छपाई तथा स्टेशनरी खर्च	३% वृद्धि
२	कानुनी खर्च	३% वृद्धि	१४	यात्रा तथा स्थानीय सवारी खर्च	३% वृद्धि
३	बैंक शुल्क तथा कमिशन	३% वृद्धि	१५	वित्तीय प्रक्षेपण शुल्क	३% वृद्धि
४	वार्षिक साधारण सभा खर्च	३% वृद्धि	१६	इन्धन तथा लुब्रिकेन्ट खर्च	३% वृद्धि
५	बैठक भत्ता	३% वृद्धि	१७	दर्ता तथा नवीकरण खर्च	३% वृद्धि
६	सञ्चालक समिति बैठक भत्ता	३% वृद्धि	१८	विविध खर्च	३% वृद्धि
७	कर्मचारी तलब तथा भत्ता खर्च	३% वृद्धि	१९	औषधि खर्च	३% वृद्धि
८	भान्सा तथा मेस खर्च	३% वृद्धि	२०	सवारी कर तथा नवीकरण शुल्क	३% वृद्धि
९	विज्ञापन खर्च	३% वृद्धि	२१	यात्रा भत्ता	३% वृद्धि
१०	खाना तथा बसोबास खर्च	३% वृद्धि	२२	अनुवाद खर्च	३% वृद्धि
११	टेलिफोन तथा सञ्चार खर्च	३% वृद्धि	२३	सवारी मर्मत तथा मर्मतसम्भार खर्च	३% वृद्धि
१२	बिजुली तथा पानी खर्च	३% वृद्धि			

वित्तीय लागत
१. कन्सोर्टियम सम्झौता अनुसार ऋण बाँकी रकमको ०.१५% दरले एजेन्सी शुल्क राखिएको छ।
२. कन्सोर्टियम ऋणको ब्याजदर वार्षिक ८.४०% मानिएको छ।
३. रु. २५.८० करोडको IPO आम्दानी आ.व. २०८२/८३ को अन्त्यमा ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ।

अन्य
१. Service Concession Agreement अन्तर्गतको अमूर्त सम्पत्तिमा (Intangible Assets) IFRIC १२ अनुसार ३० वर्षको परियोजना आयु मान्दै Straight Line Method द्वारा मूल्यह्रास गरिएको छ। कार्यालयका सम्पत्तिहरूमा २५%, २०% र १५% दरले (सम्पत्तिको आयु अनुसार) मूल्यह्रास गरिएको छ।
२. इक्विटी शेयरमा लाभांश निम्नलिखित आर्थिक वर्षमा निम्न दर अनुसार रहेको छ।

आ.व	लाभांश दर
२०८५-८६	२५% वृद्धि
२०८६-८७	२५% वृद्धि

३. Trade Debtors (NEA बाट प्राप्त हुने रकम) २ महिनाको बिक्री बराबर राखिएको छ (जेष्ठ र असार महिनाको बिल प्राप्त हुने मानिएको छ)।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच विद्युत खरिद बिक्रि सम्झौतामा व्यवस्था भएअनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) भन्दा अगावै आयोजनाका निर्माण सम्पन्न गरी व्यापारिक रुपमा विद्युत उत्पादन शुरु गरेकोले विद्युत खरिद बिक्रि सम्झौताको व्यवस्था बमोजिम यस आयोजनाले ८ वटा नै मूल्य वृद्धि प्राप्त गर्नेछ। आयोजनाबाट उत्पादित विद्युतको विद्युत खरिद दर निम्नानुसार हुनेछ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी)	सुख्खायाम (मंसिर १६ देखि जेठ १५ सम्म) (प्रति युनिट रु.)	वर्षायाम (जेठ १६ देखि मंसिर १५ सम्म) (प्रति युनिट रु.)
२०८१ श्रावण १६ देखि २०८२ श्रावण सम्म	८।४०	४।८०
२०८२ भाद्र देखि २०८३ श्रावण सम्म	८।६५	४।९४
२०८३ भाद्र देखि २०८४ श्रावण सम्म	८।९०	५।०९
२०८४ भाद्र देखि २०८५ श्रावण सम्म	९।१६	५।२३
२०८५ भाद्र देखि २०८६ श्रावण सम्म	९।४१	५।३८
२०८६ भाद्र देखि २०८७ श्रावण सम्म	९।६६	५।५२
२०८७ भाद्र देखि २०८८ श्रावण सम्म	९।९१	५।६६
२०८८ भाद्र देखि २०८९ श्रावण सम्म	१०।१६	५।८१
२०८९ भाद्र देखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

वित्तीय अनुपात सम्बन्धी विवरण :
क) **संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानुसार छ :** यस माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ :

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२ पौष मसान्त	२०८२/८३	२०८३/८४	२०८४/८५
चुक्ता पूँजी (रु.हजारमा)	६०२,०००	६०२,०००	६०२,०००	६०२,०००	८६०,०००	८६०,०००	८६०,०००
संचित मुनाफा (रु.हजारमा)	(२८,५३६)	११,५१९	४१,२००	८४,१२०	१६२,४५५	३३२,१२२	५२२,६८१
जम्मा	५७३,४६४	६१३,५१९	६४३,२००	६८६,१२०	१,०२२,४५५	१,१९२,१२२	१,३८२,६८१
अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	५७३,४६४	६१३,५१९	६४३,२००	६८६,१२०	१,०२२,४५५	१,१९२,१२२	१,३८२,६८१
शेयर संख्या ('००० मा)	६,०२०	६,०२०	६,०२०	६,०२०	८,६००	८,६००	८,६००
प्रति शेयर नेटवर्थ (रु.)	९५.२६	१०१.९१	१०६.८४	११३.९७	११८.८९	१३८.६२	१६०.७८
खुद नाफा/नोक्सान (रु.हजारमा)	(४३६)	८१०	३०,८९३	७३,०१९	१२५,३५४	१६९,६६६	१९०,५५९
प्रति शेयर आम्दानी (रु.)	(०.०७)	०.१३	५.१३	१२.१३	१४.५८	१९.७३	२२.१६
नेटवर्थमा प्रतिफल (%)	(०.०८)	०.१३	४.८०	१०.६४	१२.२६	१४.२३	१३.७८
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा :							४.३२%

ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : १.६२

१६. अन्तर्निहित जोखीम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :
क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकाले आयोजना सम्पन्न गर्नका लागि कम्पनीमा वित्तीय साधनको अभावको जोखिम नरहेको।
ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलस्रोतको मुहानमा वातावरणमा अप्रत्याशित परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको।
ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता भैसकेको हुनाले बजारको जोखिम नरहेको।
घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :** हाल यस आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले मूल्य अभिवृद्धि (Cost Over-run) को जोखिम नरहेको।
ङ) **विदेशी विनिमयको जोखिम :** हाल त्यस्तो जोखिम नरहेको।
च) **कानुनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्नसक्ने अवरोधहरु :** कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी आयोजनाको निर्माण कार्य समेत सम्पन्न भैसकेकोले यस किसमको जोखिम नरहेको।
छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट आयोजनामा कुनै जोखिम नरहेको।
ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा सिर्जना हुन सक्ने जोखिमहरु।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुने जोखिमहरु।

झ) **संचालन इतिहासको अभाव :** यस कम्पनीका संचालकहरु नेपालका विभिन्न जलविद्युत आयोजनाको निर्माण तथा संचालन कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहभागी भएका तथा कर्मचारीहरु जलविद्युत निर्माण तथा संचालन सम्बन्धी अनुभवी रहेको हुँदा यस कम्पनीको सञ्चालन अनुभवको अभावबाट हुने जोखिम नरहेको।
ञ) **प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम :**
- जलविद्युत आयोजना निर्माणका लागि आवश्यक टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणहरुमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा।
- जलविद्युत बाहेक अन्य श्रोतबाट भविष्यमा कम लागतमा विद्युत उत्पादन भएमा केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखिम रहेको।

ट) पूर्वाधार निर्माणमा हुने ढिलाइका कारण हुन सक्ने जोखिम :
- देशको राजनीतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु।
- आयोजनामा भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षतिको जोखिम रहेको।

ठ) अन्य :
- देशको राजनीतिक अस्थिरताबाट पर्ने जोखिम।
- प्राकृतिक प्रकोप (जस्तैः भुकम्प, बाढी/पहिरो आदी) को कारणबाट व्यवसायमा हुने जोखिम।

यस संस्थाले पहिचान गरेका सम्भाव्य जोखिमहरु सम्बन्धमा व्यवस्थापन तथा न्यूनिकरण गर्न आवश्यकता अनुसार छलफल गर्दै आवश्यक न्यूनिकरणका उपायहरु अवलम्बन गर्दै आएको।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
जलश्रोतको हिसाबले नेपाल विश्वकै धनी देशहरुमा पर्ने कुरा सर्वविदित हुँदाहुँदै पनि नेपालमा उर्जा शक्तिको अत्याधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुन नसकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ। तसर्थ उर्जाकालागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतमा लगानीको न्यून जोखिम रहेको भनेमा व्यवस्थापनको धारणा रहेको छ। उर्जा उत्पादन गर्ने विभिन्न श्रोत भएता पनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणिय र वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको देखिन्छ। तथापि, आयोजनामा हुन सक्ने भौतिक क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाने गरी बीमाको व्यवस्था गरेको छ र सो विवरण देहाय बमोजिम रहेको छ :

बीमालेखको प्रकार	बीमालेख शुरु मिति	बीमालेख समाप्ति मिति	बीमा गरिएको रकम (रु.)	प्रिमियम भुक्तानी गरिएको रकम (रु.)	बीमा कम्पनीको नाम
सवारी साधान बीमालेख	१०/०४/२०२५	०९/०४/२०२६	३,७३०,०००.००	३१,१४३.३४	सानिमा जिआईसी इन्स्योरेन्स लि.
सामान्य सम्पत्ति बीमालेख	१७/११/२०२५	१६/११/२०२६	१,४२६,५९२,८१९.६९	३,१४३,५१७.२८	सानिमा जिआईसी इन्स्योरेन्स लि.

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर रु.१००/- दर कायम गरिएकाले निष्काशनमा सूचीकरण पश्चात् धितोपत्रको दोश्रो बजारमा हुने कारोबारले धितोपत्रको शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१७. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :
क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा *"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४"* मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। यदि निष्काशन गरिएको शेयर संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा सो बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्तालेप्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था शर्त बमोजिम खरिद गर्नेछन्।
ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणलाई शेयर बाँडफाँड गरे पश्चात् बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोभै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाइने छ। तर आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय बासिन्दा, वैदेशिक रोजगारमा रहेका नेपाली तथा अन्य सर्वसाधारण) को हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्होरा उल्लेख गरी *"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३"* को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ।
ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा निजको खातामा रहेको रकम रोक्का मात्र हुने र बाँडफाँड पश्चात् निजले प्राप्त गर्ने शेयरको रकम बराबरको रकम बाहेक अन्य रकम फुकुवा हुने भएकोले ब्याज दिनु नपर्ने।
घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :** यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित *"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)"* सम्बन्धी व्यवस्था अनुसार साधारण शेयर बाँडफाँड गरी केन्द्रीय निक्षेप सेवामा आवेदकले आवेदन दिँदा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ।
ङ) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयर हालसम्म नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भैसकेको।
च) **धितोपत्र सूचिकरण भैसकेको भए, संगठित संस्थाले निष्काशन गर्न लागेको धितोपत्र बजारमा सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने प्रचलित ऐन, नियम अनुसार व्यवस्था सम्बन्धी विवरण :** हालसम्म नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भइ नसकेको हुँदा यस कम्पनीको साधारण शेयरको बाँडफाँड पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित नियमानुसार सूचिकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१८. आवेदन दिँदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्म दर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचयपत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु:

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा :
आयोजना क्षेत्र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका मध्ये वडा नं १ र २ लाई अति प्रभावित क्षेत्र र सोलुदुधकुण्ड नगरपालिकाको वडा नं १ र २ बाहेक अन्य बाँकी वडाहरुलाई प्रभावित क्षेत्रका स्थानीय बासिन्दा जनाउँदछ।
१. तोकिएका संकलन केन्द्र मार्फत आवेदन दिन चाहने आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपमा हालसालै खिचेको पासपोर्ट साइजको फोटो सहित आयोजना प्रभावित क्षेत्रको स्थायी बासिन्दा भएको पुष्टि हुने कागजात/प्रमाणपत्रको प्रतिलिपि बुझाउनु पर्नेछ।
२. हितग्राही खाता खोलिसकेका स्थानीय बासिन्दाहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट मार्फत पनि आवेदन दिन सकिनेछ। प्राप्त गर्न तथा बुझाउन सकिनेछ। यसरी आवेदन फाराम बुझाउँदा आवेदकले आफु आयोजना प्रभावित क्षेत्रको स्थानीय बासिन्दा भएको पुष्टि हुने कागजात वा प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत उक्त विवरणमा आयोजना प्रभावित क्षेत्र उल्लेख भए/नभएको रुजु गरेर मात्र आवेदन फाराम स्वीकार गर्नुपर्नेछ।
३. १६ वर्षभन्दा कम उमेरका स्थानीयले आमा/बाबुले संरक्षक भई आवेदन दिनुपरेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै, दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ। आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।
४. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्रको स्वीकृति प्राप्त भएको मितिसम्ममा वा सो पूर्व अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट बसाई-सराई गरी आयोजना प्रभावित क्षेत्रमा बसाई सराई गरी आएका बासिन्दाहरुले बसाई सराई गरी आएको व्होरा तथा मिति उल्लेख गरिएको स्थानीय निकायबाट जारी बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।
५. आयोजना प्रभावित क्षेत्र बाहेक अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट विवाह भई आएका महिलाहरुको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।
६. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृति प्राप्त भएको मितिसम्ममा अन्य जिल्लाबाट विवाह गरी आएका वा बसाई सराई गरी आयोजना प्रभावित क्षेत्रमा आएका व्यक्तिहरुले यस निष्काशनमा सि-आस्वा मार्फत शेयर खरिदका लागि आवेदन दिंदा निजहरु आयोजना प्रभावित क्षेत्रको स्थानीय रहेका पुष्टी नहुने भई निजहरुको आवेदन अस्वीकृत हुने हुँदा निजहरुले तोकिएको संकलन केन्द्र मार्फत बसाई सराई वा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गरी भौतिक रुपमा नै आवेदन गर्नुपर्नेछ।
७. माथि उल्लेखित स्थानीय बासिन्दाका सम्बन्धमा वा शेयर खरिद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलीय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र बमोजिम हुनेछ।
८. नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृति प्राप्त भएको मितिसम्ममा १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अन्य क्षेत्रमा गएका महिला एवं आयोजना प्रभावित क्षेत्र छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।
९. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्युनतम रुपमा खुल्नुपर्ने भनि तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ।
१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
११. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएको संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त बुझाएको फारामलाई रद्द गरिनेछ।
१२. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुकालागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।
१३. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।
१४. रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।
१५. रु. ५,००,०००/- सममका लागि आवेदन दिने आवेदकले स्वैच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ। ५ लाख रुपैयाँ भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।
१६. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा :
१. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (Remittance) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।
२. निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (Remittance) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कमतीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ।
३. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्। साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ।

१९. प्रत्याभूति सम्बन्धी विवरण :
धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको २५,८०,००० कित्ता साधारण शेयर प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले हुन आउने कूल रु.२५,८०,००,०००/- रकम बराबरको प्रत्याभूति सेवा प्रदान गर्नका लागि का.म.न.पा. २९, पुतलिसडक, काठमाडौंमा रजिष्टर्ड कार्यालय रहेको श्री सनलाइफ क्यापिटल लिमिटेड मञ्जूर भई प्रत्याभूति सम्झौतापत्र गरिएको छ।

२०. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :
१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, महालक्ष्मीस्थान, वडा नं. १५, ललितपुर र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क राखि हेर्न सकिनेछ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरिदका लागि दरखास्त दिंदा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले दरखास्त साथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको बैंक तथा संकलन केन्द्रमा धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा जम्मा गरी नियमानुसार दरखास्त दिनुपर्नेछ। आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधारणहरुले दरखास्त साथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.१००/- का दरले सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकनेछ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता र अधिकतममा १० अङ्कको गुणाङ्कमा १०,००० (दश हजार) कितासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ।

२१. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

क्र.सं.	विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान :
१.	माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड, वडा नं.१५, ललितपुर र वेबसाइटः www.mounteveresthydro.com
२.	एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइटः www.nimbacecapital.com
३.	नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट आवेदन दिन असमर्थ आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका संकलन केन्द्रहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

क्र.सं.	संकलन केन्द्र, ठेगाना	क्र.सं.	
१	माछापुच्छ्रे बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु	१	प्रभु बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु
२	नेपाल बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु	२	एनएमबि बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ मात्र) शुल्क बुझाउनु पर्नेछ।
वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरि सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :
यस विवरणपत्र मार्फत प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ। जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई निष्काशन अवधि बिक्री खुल्ला भएको मितिबाट कमतीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई लागि निष्काशन अवधि बिक्री खुल्ला भएको मितिबाट कमतीमा ४ कार्यदिन र उक्त अवधिभित्र धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सो अवधि बिक्री खुल्ला भएको मितिबाट बढीमा १५ दिन हुनेछ। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरिएको शेयर बाँडफाँड गरे पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्लाको आवेदन प्रकाशित गरिनेछ। सर्वसाधारणको लागि आवेदन दिने अवधि कमतीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ।

२३. निष्काशन बैंक (Bankers to the Issue):
यस निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	बैंक खाता नम्बर
श्री नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ	NIMB ACE- MOUNT EVEREST POWER IPO	०३६०१०४०२६८१६५

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि कार्यालय समय भित्र सम्पर्क नम्बरः ०१-४५२५८० मा सम्पर्क गर्न सकिनेछ।

दरखास्त फारामको नमूना
माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड
MOUNT EVEREST POWER DEVELOPMENT LIMITED
साधारण शेयर खरिद दरखास्त फाराम

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-५९७१२३३, ४००५०८०, ४००५१५७
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com